# भाग ५

## नेपाल सरकार

## उद्योग मन्त्रालयको सूचना

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी सो ऐन प्रारम्भ हुनु अगाडी दर्ता भई उद्योग दर्ताको प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र सञ्चालनमा आउन नसकेका वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकेका अनुसूची-१ बमोजिम अनुमति लिनुपर्ने उद्योग बाहेकका उद्योगको हकमा एक पटकका लागि बाधा अड्काउ फुकाउने प्रयोजनार्थ देहाय बमोजिम गर्ने गरी यो सूचना प्रकाशन गरिएको छ :-

(क) यो सूचना प्रकाशन भएको मितिले तीन महिनाभित्र उद्योग सञ्चालन म्याद थपका लागि आवेदन दिनुपर्नेछ । सो अवधिमा सञ्चालन म्याद थपका लागि परेका निवेदनहरुमा उद्योग दर्ता गर्ने निकायले म्याद थप गर्न सक्नेछ ।

(ख) सो अवधिभित्र म्याद थपको लागि आवेदन नगर्ने उद्योगहरुको दर्ता औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ८ को उपदफा (५) बमोजिम स्वत: रद्द हुनेछ ।

आज्ञाले,
शंकरप्रसाद कोइराला
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३